प्रदेश सरकार

प्रदेश नं. ५

# सामाजिक विकास मन्त्रालय

(प्रशासन तथा योजना महाशाखा)

बुटवल, नेपाल

पत्र संख्या: २०७६/०७७

चलानी नं. १५४२

मितिः २०७६/०९/०६

विषयः निर्णय कार्यान्वयन बारे।

श्री मातहत कार्यालयहरु सबै,

सामाजिक विकास मन्त्रालय, प्रदेश नं. ५, बुटवल।

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. ५, बुटवलको च.नं. १२७४ मिति २०७६/०९/०२ को कर्मचारी सहभागिता सम्बन्धमा विषयक पत्र यसैसाथ संलग्न गरिएको छ।

अतः व्यहोरा पत्रैबाट अवगत गरी उल्लेखित विषय बमोजिम गर्ने गराउने व्यवस्थाहुन आदेशानुसार अनुरोध छ।

२०७६।९।६

संजय ज्ञवाली

शाखा अधिकृत

वोधार्थ:-

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, प्रदेश नं. ५, बुटवल

श्री उपेन्द्र जी, web-siteमा राखिदिनुहुन।

प्रदेश सरकार
प्रदेश नं. ५

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

बुटवल, नेपाल

पत्र संख्या:- २०७६/७७
चलानी नं. 4868

मिति: २०७६/९/२

श्री सबै मन्त्रालय/आयोग/सचिवालय,
प्रदेश नं. ५

विषय: कर्मचारी सहभागिता सम्बन्धमा ।

प्रस्तुत विषयमा, यस प्रदेश अन्तर्गत विभिन्न मन्त्रालय, आयोग सचिवालय तथा कार्यालयहरुमा दरबन्दी अनुरुप कर्मचारीहरुको पदपुर्ति हुन नसकेको अवस्थामा न्युन संख्यामा रहेका कर्मचारीबाट नै कार्यालयको दैनिक तथा नियमित काम संचालनमा व्यवधान आउन नदिन उपलब्ध कर्मचारीहरुको नियमित उपस्थितिको अनिवार्यता आवश्यक छ। अत: विभिन्न संघीय मन्त्रालय वा अन्तर्गतका निकाय र सरकारी/गैरसरकारी संघ संस्थाबाट यस प्रदेश भन्दा बाहिर कर्मचारीको सहभागिता माग गरेको अवस्थामा देहाय बमोजिम गर्नु गराउनुहुन निर्देशानुसार अनुरोध छ ।

(१) मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय मार्फत पठाएको अवस्थामा बाहेक यस कार्यालयलाई जानकारी नगराई सोझै सम्बन्धित निकाय वा व्यक्तिका नाममा विभिन्न कार्यक्रमका लागि सहभागिता माग भएकोमा त्यस्तो कार्यक्रमका लागि सहभागी छनौट गरी प्रतिनिधित्व नगराउने ।
(२) संस्थाको लागि अत्यन्त महत्वको विषयमा तत्काल सहभागी पठाउनुपर्ने औचित्यपूर्ण अवस्था रहेमा यस कार्यालयको पूर्व स्वीकृति वा जानकारीमा सहभागी खटाउने ।
(३) औचित्य पुष्टि गर्न नसकिने सामान्य प्रकृतिका कार्यका लागि कर्मचारीलाई प्रदेश भन्दा बाहिर काजमा नखटाउने ।

सामाजिक विकास मन्त्रालय
दर्ता नं. २०८०
दर्ता मिति २०७६।०९।०३

.........................
प्रेम बहादुर गौतम
(अधिकृत सातौं)

Email: infocmofficep5@gmail.com, Phone No.: 071-550610, Fax: 071-550610